रोल्पा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## लिवाङ रोल्पा

**नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**( प्रकाशित मितिः २०८२/०७/१५)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६ २क. र लुम्बिनि प्रदेश आर्थिक ऐन को २०८२ को अनुसुची ६ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी रोल्पा नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही वोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

**तपशिलः-**

| सि. नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू. अ. कर बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | RM/ROLPA/SQ/W/04/2082- 083 | माडी, हुङग्री खोलाको नदिजन्य पदार्थ उत्खनन् कार्य । | ८०००.०० | १६९३४४०.०० | कबोल अङ्कको तिन प्रतिशत | १००० |
| २ | RM/ROLPA/SQ/W/05/2082-083 | धाङसी खोलाको नदिजन्य पदार्थ उत्खनन् कार्य । | २९००.०० | ६१३८७२.०० | कबोल अङ्कको तिन प्रतिशत | १००० |

**शर्तहरुः-**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगद तिरेको वा नेपाल बैंक लिमिटेड शाखा कार्यालय लिवाङ रोल्पामा मा रहेको यस कार्यालयको खाता नं. ०७६०३०००००१००१००००००१ मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १६ (२०८२/७/३०) औं दिनको १२ बजेसम्म बोलपत्र फाराम विघुतीय माध्यमवाट वोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको वा तोकिएको यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । वोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

२. आफुले कबोल गरेको अंकको ३ (तिन) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा कार्यालय लिवाङ रोल्पामा रहेको धरौटी खाता नं. ०७६०३०००००३०००००००१ जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकवाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको विड वण्ड पेश गर्नु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम (२०८२/७/३०) दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न वाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले (२०८२/७/२४) १० औं दिन दिनको ५ बजे नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्वन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकावाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ र रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सो को सूचना भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कवोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ताबापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ साल श्रावन मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

.....................................

रामप्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner